सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४३ ♦ २०८३ साल वैशाख २७ आइतवार ♦ 10 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## औरहीमा इँटा उद्योगको खाल्डोमा जमेको पानीमा डुबेर एक दुई वर्षीय बालकको मृत्यु

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**वैशाख २६ गते, महोत्तरी**



महोत्तरीमा इँटा उद्योगका लागि खनिएको खाल्डोमा जमेको पानीमा डुबेर एक बालकको ज्यान गएको छ।

मृत्यु हुनेमा सिन्धुली जिल्लाको मरिण गाउँपालिका-८ पाचतल्ले निवासी दिल बहादुर राना मगर का दुई वर्षीय छोरा हिरा बहादुर राना मगर रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

औरही नगरपालिका-२ औरही स्थित हरि नारायण यादवको न्यू बाबा फिक्स इँटा उद्योगको चिम्नी निर्माणका लागि खनिएको खाल्डोमा जमेको पानीमा खेल्ने क्रममा बालकको डुबेर मृत्यु भएको हो। घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी औरहीबाट टोली घटनास्थल पुगेको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय गौशालाबाट मुचुल्का टोली पनि घटनास्थल पुगेर आवश्यक मुचुल्का उठाइ शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको प्रहरीका प्रवक्ता शैलेन्द्र भट्टले बताए। साथै घटनाबारे थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ।

## महोत्तरीमा गाईगोठ ढल्दा च्यापिएर एक महिलाको मृत्यु

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**वैशाख २६ गते, महोत्तरी**

महोत्तरीमा शुक्रबार साँझ आएको हावाहुरीका कारण गाईगोठ ढल्दा च्यापिएर एक महिलाको ज्यान गएको छ ।

जिल्लाको पिपरा गाउँपालिका-६ मुसहरी टोलकी ५० वर्षीया सुनिता सदा (सुन्देश्वर सदाकी श्रीमती) को घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

शुक्रबार साँझ करिब साढे ५ बजेतिर आएको तीव्र हावाहुरीबाट बच्न स्थानीय झगरु मुखियाको गाईगोठमा ओत लाग्न गएकी सदा गोठ ढल्दा च्यापिएकी थिइन् ।

घटनास्थलमै उनको मृत्यु भएको महोत्तरीका प्रहरी प्रवक्ता शैलेन्द्र भट्टले जानकारी दिए ।

प्रहरीले घटनाबारे आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ ।

## न्याय ढिलो र झन्झटिलो भए कानूनी शासन कमजोर हुन्छः प्रदेश प्रमुख लाभ




खबर दर्पण समाचारदाता

**वैशाख २६ गते, जनकपुरधाम**

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले न्याय प्रक्रिया ढिलो, जटिल र झन्झटिलो हुँदा कानूनी शासनको अवधारणामै असर पर्ने बताएका छन् ।

उच्च अदालत जनकपुरको आयोजनामा शुक्रबार जनकपुर धाममा सुरु भएको 'न्यायिक महोत्सव'को उद्घाटन गर्दै प्रदेश प्रमुख कर्णले न्यायलाई सहज, सुलभ र छिटो बनाउन आवश्यक रहेको उल्लेख गरे । उनले कानून समाजको ऐना भएजस्तै न्याय त्यसको प्रतिबिम्ब हुने भन्दै न्याय प्रणाली नागरि कमैत्री हुनुपर्नेमा जोड दिए । 'जहाँ न्याय ढिलो हुन्छ, त्यहाँ कानूनी राज्यको अनुभूति कमजोर हुन्छ,' उनले भने, 'न्याय प्राप्तिको प्रक्रिया सरल र कम खर्चिलो बनाउन अब गम्भीर पहल आवश्यक छ ।'

प्रदेश प्रमुख कर्णले नेपालमा प्रयोग हुने कानूनी भाषा अत्यधिक जटिल रहेको टिप्पणी गर्दै त्यसलाई सरलीकरण गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनका अनुसार कानूनी शब्दावली कठिन हुँदा सर्वसाधारणले न्यायिक प्रक्रिया बुझ्नै कठिन हुने अवस्था रहेको छ । उनले न्याय सम्पादन प्रक्रिया बारे नागरिकलाई जानकारी गराउने उद्देश्यले उच्च अदालत जनकपुरले आयोजना गरेको न्यायिक महोत्सवको प्रशंसासमेत गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्ति प्रक्रियालाई लिएर टिप्पणी गरे । उनले सरकारद्वारा गरिएको सिफारिसले परम्परा तोडेको भए पनि कार्यसम्पादनलाई आधार बनाइएको दाबी गरिएकाले उक्त निर्णय सही साबित होस् भन्ने अपेक्षा व्यक्त गरे ।

मुख्यमन्त्री यादवले न्यायपालिका कार्यपालिकाको प्रभावबाट मुक्त र स्वतन्त्र रहनुपर्ने बताउँदै यस्ता संवेदनशील प्रक्रियामा सरकार ले अझ जिम्मेवार ढंगले काम गर्नुपर्ने धारणा राखे ।

महोत्सवमा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव, उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर, न्यायाधीश, कानुन व्यवसायी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष साप्ताहिक खबरपत्रिका | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# अभिभावक सचेत नभएसम्म लागुऔषध नियन्त्रण कठिन: मेयर पाण्डे



**खबर दर्पण समाचारदाता**

**वैशाख २६ गते, बर्दिवास**

महोत्तरी जिल्लाका सीमावर्ती क्षेत्रमा लागुऔषध दुर्व्यसन र ओसारपसारको समस्या भयावह बन्दै गएको भन्दै स्थानीय तहका जनप्रतिनिधिले चिन्ता व्यक्त गरेका छन् ।

विशेषगरी भारतसँग जोडिएका गाउँहरूमा युवापुस्तामाझ लागुऔषध प्रयोग बढ्दै जाँदा चोरी, झैझगडा, घरेलु हिंसा तथा अन्य आपराधिक गतिविधि पनि बढ्न थालेको स्थानीयवासीको गुनासो छ ।

मनरा शिसवा नगरपालिकाका मेयर मोहन पाण्डेले लागुऔषध नियन्त्रण प्रहरी प्रशासनको जिम्मेवारी मात्र नभई समाज र अभिभावकको पनि साझा दायित्व भएको बताएका छन् ।

उनका अनुसार पछिल्ला केही वर्षयता सीमावर्ती क्षेत्रमा लागुऔषध कारोबार गर्ने समूह सक्रिय बन्दै गएका छन् भने त्यसको प्रत्यक्ष असर गाउँस्तर मा देखिन थालेको छ ।

'लागुऔषध नियन्त्रणका लागि प्रहरीको प्रयास मात्रै पर्याप्त हुँदैन । परिवार, समाज र विद्यालय सबै सचेत हुनुपर्छ,' मेयर पाण्डेले भने, 'विशेषगरी अभिभावकले आफ्ना बालबालिका र युवाको गतिविधिमा ध्यान दिन जरुरी छ ।'

उनका अनुसार धेरैजसो युवा साथीको प्रभाव, बेरोजगारी, खुला सीमा र गलत संगतका कारण दुर्व्यसनतर्फ आकर्षित भइरहेका छन् ।

सीमावर्ती नाकाबाट सहज रूपमा लागुऔषध भित्रिने अवस्थाले समस्या झन् जटिल बनेको उनले बताए ।

स्थानीयवासीका अनुसार गाउँमा पछिल्लो समय कुलतमा फसेका युवाहरूको संख्या बढ्दै गएको छ ।

रातिको समयमा चोरीका घटना, घरायसी विवाद तथा समूहगत झडपसमेत बढ्न थालेपछि सर्वसाधारण त्रसित बन्न थालेका छन् ।

कतिपय अभिभावकले आफ्ना सन्तान दुर्व्यसनमा फसेको थाहा पाए पनि सामाजिक लाजका कारण खुलेर बोल्न नसक्ने अवस्था रहेको बताइन्छ ।

मेयर पाण्डेले लागुऔषधविरुद्ध विद्यालयस्तरबाटै सचेतना अभियान चलाउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

उनले स्थानीय तहले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिँदै युवालाई खेलकुद, सीपमूलक तालिम तथा सकारात्मक गतिविधितर्फ आकर्षित गर्नुपर्ने बताए ।

'युवालाई खाली बस्न नदिने वातावरण बनाउनुपर्छ । उनीहरूलाई रोजगारी, खेलकुद र सामाजिक गतिविधिमा जोड्न सके कुलतबाट बचाउन सकिन्छ,' उनले भने ।

प्रहरी प्रशासनले पनि सीमावर्ती क्षेत्रमा निगरानी बढाइएको जनाएको छ । पछिल्लो समय जिल्लाका विभिन्न स्थानबाट लागुऔषधसहित केही व्यक्ति पक्राउ परेका घटनाले समस्या गहिरिँदै गएको स्थानीयको भनाइ छ ।

सामाजिक अगुवाहरूले लागुऔषधको समस्या नियन्त्रण गर्न स्थानीय सरकार, प्रहरी, अभिभावक, विद्यालय र नागरिक समाजबीच समन्वय आवश्यक रहेको बताएका छन् ।

उनीहरूका अनुसार पक्राउ र कारबाहीले मात्र समस्या समाधान नहुने भएकाले पुन:स्थापना, परामर्श र जनचेतनामा समेत जोड दिनुपर्ने आवश्यकता देखिएको छ ।

महोत्तरीका सीमावर्ती गाउँमा फैलँदै गएको लागुऔषधको असर अब सामाजिक चिन्ताको विषय मात्रै नभई सुरक्षा र भविष्यसँग जोडिएको गम्भीर चुनौतीका रूपमा देखिन थालेको स्थानीयवासी बताउँछन् ।

# धनुषा प्रहरीका ९० कर्मचारीको नि:शुल्क आँखा परीक्षण



**खबर दर्पण समाचारदाता**

**वैशाख २६ गते, बर्दिवास**

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जिल्ला प्रहरी कार्यालय धनुषामा नि:शुल्क आँखा शिविरको आयोजना गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषा र परिक्रमा सामुदायिक सेवा केन्द्र धनुषाको संयुक्त आयोजना तथा जनकपुर नेत्रालय प्रा.लि. धनुषाको सहकार्यमा आयोजित शिविरमा ९० जना प्रहरी कर्मचारीको आँखा परीक्षण गरिएको हो ।

शनिबार जिल्ला प्रहरी कार्यालय परिसरमा आयोजित शिविरमा जनकपुर नेत्रालयका डा. रविशंकर चौधरीसहितको स्वास्थ्य टोलीले जिल्ला प्रहरी कार्यालय तथा मातहत नगर एरिया भित्र कार्यरत प्रहरी कर्मचारीहरूको स्वास्थ्य परीक्षण गरेको प्रहरीले जनाएको छ ।

प्रहरी कर्मचारीहरूको आँखासम्बन्धी समस्या पहिचान तथा समयमै उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले शिविर सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा आवश्यक परामर्शसहित केही कर्मचारीलाई थप उपचारका लागि सुझावसमेत दिइएको थियो ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत यस्ता स्वास्थ्यसम्बन्धी गतिविधिले प्रहरी कर्मचारीको कार्यक्षमता अभिवृद्धि हुनुका साथै समुदायसँगको सम्बन्ध अझ सुदृढ हुने विश्वास लिइएको छ ।

# एचए, सिएमए र ल्याब समूहले थाले आन्दोलन

**खबर दर्पण समाचारदाता**

**वैशाख २६ गते, बर्दिवास**

स्वास्थ्य क्षेत्रमा नयाँ स्थायी दरबन्दी थप गरिए पनि एचए, सिएमए र ल्याबतर्फ कुनै दरबन्दी नसमेटिएको भन्दै स्वास्थ्यकर्मीहरू आन्दोलनमा उत्रिएका छन् ।

नेपाल सरकारले हालै स्वास्थ्य क्षेत्रमा ९ सय ७७ स्थायी दरबन्दी थप गर्ने प्रस्ताव स्वीकृत गरेपछि आफूहरूलाई योजनाबद्ध रूपमा बेवास्ता गरिएको आरोप लगाउँदै स्वास्थ्यकर्मीहरूले जनकपुरधामको जनकचोकमा विरोध प्रदर्शन गरेका हुन् ।

प्रदर्शनका क्रममा उनीहरूले नेपाल सरकार तथा स्वास्थ्यमन्त्रीको पुतला दहनसमेत गरेका थिए ।

आन्दोलनमा सहभागी स्वास्थ्यकर्मी नवेश अधिकारीले ३५ वर्षपछि स्वास्थ्य क्षेत्रमा दरबन्दी थपिनु सकारात्मक विषय भए पनि एचए, सिएमए र ल्याब समूहलाई पूर्ण रूपमा छुटाइनु दु:खद रहेको बताए ।

उनले सरकार मेडिकल माफियाको प्रभावमा परेर यस्तो निर्णय गरेको आरोप लगाउँदै यसविरुद्ध आन्दोलन गर्न बाध्य भएको बताए ।

उनले सरकारले निर्णय सच्याएर आफूहरूको माग सम्बोधन नगरे बैशाख २८ गते काठमाडौं केन्द्रित कडा आन्दोलन गर्ने चेतावनीसमेत दिए ।

सरकारले दुई दिनअघि मात्रै स्वास्थ्य क्षेत्रमा नयाँ स्थायी प्राविधिक तथा विशेषज्ञ दरबन्दी थप्ने प्रस्ताव अघि सारेको थियो ।

उक्त प्रस्तावलाई अर्थ मन्त्रालयले बुधबार स्वीकृति दिएको जनाएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# होटलमा युवती मृत भेटिएपछि हत्याको आशङ्का, तीन जना नियन्त्रणमा

**खबर दर्पण समाचारदाता**
**वैशाख २६ गते, बर्दिवास**

बाराको निजगढ नगरपालिका-९ स्थित गुरुङ होटलमा एक युवती मृत अवस्थामा फेला परेपछि प्रहरीले हत्या आशङ्कामा तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुवँरका अनुसार निजगढ नगरपालिका-१२ कोलगाउँ निवासी १९ वर्षीया सीता थिङ होटलको कोठाभित्र अचेत अवस्थामा फेला परेकी थिइन्। उनलाई तत्काल उपचारका लागि निजगढ सामुदायिक अस्पताल लगिएको भए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

प्रारम्भिक अनुसन्धानमा युवतीको घाँटी थिचेर हत्या गरिएको हुन सक्ने आशङ्का गरिएको प्रहरीले जनाएको छ।

घटनापछि होटलमा उनीसँगै रहेका दुई पुरुष र एक महिलालाई नियन्त्रणमा लिएर सोधपुछ भइरहेको छ।

प्रहरीका अनुसार पक्राउ परेकाहरूको परिचय अनुसन्धान प्रभावित हुन सक्ने भएकाले हाल सार्वजनिक गरिएको छैन।

घटनास्थलबाट आवश्यक प्रमाणहरू सङ्कलन गरिएको र शव पोस्टमार्टमका लागि तयारी अवस्थामा राखिएको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ।

पोस्टमार्टम रिपोर्टपछि मृत्युको वास्तविक कारण स्पष्ट हुने प्रहरीले बताएको छ।

प्रहरीले घटनाबारे सबै कोणबाट अनुसन्धान भइरहेको र दोषी पुष्टि भए कानुनी कारबाही गरिने जनाएको छ।

# गौशालाको रजखोरमा रामजानकी युवा क्लबको कार्यालय उदघाटन



**खबर दर्पण समाचारदाता**
**वैशाख २६ गते, बर्दिवास**

महोत्तरीको गौशाला नगर पालिका-४ रजखोरमा रामजानकी रजखोर युवा क्लबको कार्यालय उद्घाटन गरिएको छ। नगर प्रमुख डा. दिपेन्द्र महतो ले कार्यालय उद्घाटन गर्दै युवाहरूको सक्रियता समाज विकास र समुदाय सशक्तीकरणका लागि सकारात्मक भएको बताउनुभयो।

उहाँले युवाहरूले सामाजिक उत्तरदायित्व वहन गर्दै अघि बढ्नु आवश्यक रहेको उल्लेख गर्दै यस्ता गतिविधिमा नगर पालिकाको आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। क्लबका अध्यक्ष नरेश शाह ले संस्थाको प्रमुख उद्देश्य आगामी दिनमा वृद्धाश्रम सञ्चालन गर्नु रहेको बताउनुभयो। समाजसेवामूलक कार्यमार्फत असहाय तथा ज्येष्ठ नागरिकलाई सहयोग पुर्‍याउने लक्ष्य रहेको उहाँको भनाइ थियो।

स्थानीय युवा दिपक साह ले युवाहरूको एकता र सक्रियताले गाउँमा सामाजिक तथा रचनात्मक कार्यलाई गति दिने विश्वास व्यक्त गर्नुभयो। समाजसेवी बिन्देश्वर साह ले वृद्धाश्रम सञ्चालनजस्तो कार्यले समाजमा मानवता, सहयोग र सहानुभूतिको भावना अझ मजबुत बनाउने बताउनुभयो। पूर्व वडा अध्यक्ष रामबाबु साह ले युवाहरूको सामाजिक सहभागिता प्रशंसनीय रहेको उल्लेख गर्दै यस्ता अभियानले गाउँको समग्र विकासमा योगदान पुर्‍याउने धारणा राख्नुभयो।

जग्गादाता दिनेश साह ले उक्त जग्गा प्रारम्भमा विद्यालय सञ्चालनका लागि उपलब्ध गराएको भए पनि पछि सो विद्यालय समायोजन भएपछि जग्गा अलपत्र परेको बताउनुभयो। उहाँले गाउँका युवाहरूले वृद्धाश्रम सञ्चालन गर्ने उद्देश्यसहित प्रयोग गर्ने प्रस्ताव ल्याएपछि नगर प्रमुखसँगको परामर्शमा रामजानकी रजखोर युवा क्लबलाई जग्गा उपलब्ध गराएको जानकारी दिनुभयो। उहाँले समाजहितका कार्यमा आफ्नो निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। पत्रकार निरन्जन साह ले आफ्नो गाउँमा युवाहरू सामाजिक कार्यमा सक्रिय हुनु गौरवको विषय भएको बताउनुभयो। उहाँले युवाहरूको यस्तो पहलले गाउँमा सकारात्मक सन्देश प्रवाह गर्ने र सामाजिक एकता मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा वडा नं. १ का अध्यक्ष नवीन शाह, पूर्व वडा अध्यक्ष रामबाबु साह, क्लबका पदाधिकारी, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय समाजसेवीहरूको उपस्थिति रहेको थियो।

प्रवास खबर

# रामेछाप सेवा समाज कतारको विशेष भेला २०२६ सम्पन्न, संगठन विस्तारमा जोड

**आशिक हुसैन शेख**
**दोहा, कतार**

कतारमा कार्यरत रामेछाप जिल्लावासी नेपालीहरूको साझा संस्था "रामेछाप सेवा समाज कतार" को विशेष भेला २०२६ भव्य तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ। भेलामा संस्थाको संगठन विस्तार, सदस्यता अद्यावधिक, आगामी कार्यक्रमको तयारी तथा सामाजिक गतिविधिलाई थप प्रभावकारी बनाउने विषयमा विस्तृत छलफल गरिएको आयोजकले जनाएको छ।




भेलामा कतारका विभिन्न क्षेत्रमा कार्यरत रामेछापवासी नेपालीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूले संस्थालाई अझ सक्रिय, व्यवस्थित र प्रभावकारी बनाउने विषयमा आ-आफ्ना धारणा राख्दै आपसी एकता, सहकार्य तथा सामाजिक सेवामार्फत समुदायलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रमका सभापति राजु थापा मगरले संस्थालाई प्रवासमा रहेका रामेछापवासीहरूको साझा चौतारीका रूपमा अझ सशक्त बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे। प्रमुख अतिथि कविन्द्र कंडेल, महासचिव प्रकाश दर्नाल तथा सिन्धुली समाज सेवा कतारका अध्यक्ष लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले शुभकामना मन्तव्य व्यक्त गर्दै संस्थागत एकता र सहकार्यमा जोड दिएका थिए।

भेलाका क्रममा उपस्थित सदस्यहरूको विवरण संकलन, सम्पर्क अद्यावधिक तथा संस्थागत गतिविधिलाई तीव्र बनाउने विषयमा समेत छलफल गरिएको थियो। साथै आगामी दिनमा सामाजिक तथा मानवीय सेवाका कार्यक्रमलाई निरन्तरता दिने निर्णयसमेत गरिएको आयोजकले जनाएको छ।

विशेष भेलामा सहभागी भएका सदस्यहरूमा दिलिप मगर, दुर्गा नामी, सगुन कुमार दर्लामी, प्रेम सुनार, राज गुरुङ, पूजा कार्की, कान्छा लामा, विनोद श्रेष्ठ, विजय कुमार सापकोटा, प्रकाश ढकाल, प्रदीप मुस्कान, शान्त बस्नेत, जीवन राई, पार्वती लामिछाने, भविन श्रेष्ठ, गंगा रामचन्द्री, सबिन मगर, राज हरी गौतम, आशिष श्रेष्ठ, कृष्ण केसी, गोविन्द थापा, पूजा खत्री, सपना, सरिता चौधरी तथा निरज सुनार लगायतको उपस्थिति रहेको थियो।

भेलाबाट गठन गरिएको कार्यसमितिमा अध्यक्षमा राजु थापा मगर, वरिष्ठ उपाध्यक्षमा आसिष मोक्तान, प्रथम उपाध्यक्षमा राज तामाङ, द्वितीय उपाध्यक्षमा शुभराज सुनवार, महिला उपाध्यक्षमा ममता रौनियार खत्री, महासचिवमा प्रकाश दर्नाल, सचिवमा कविता मोक्तान, कोषाध्यक्षमा रविन खत्री तथा सह-कोषाध्यक्षमा सुसन मगर चयन भएका छन्। त्यसैगरी सदस्यहरूमा कर्ण घिसिङ, सुमन खडका, शर्मिला राउत, राम कुमार बस्नेत, प्रेम भण्डारी, मिना बानेजन, राजु कुमार भण्डारी, मुना बानेजन तामाङ, राजिव सेन्चुरी तथा यमुना खत्री रहेका छन्।

कार्यक्रममा कलाकारहरूले आकर्षक सांस्कृतिक नृत्य प्रस्तुत गर्दै माहोललाई थप उल्लासमय बनाएका थिए। विशेष भेलाले रामेछाप सेवा समाज कतारलाई आगामी दिनमा अझ सशक्त, व्यवस्थित र सामाजिक सेवामुखी संस्थाका रूपमा अघि बढाउने विश्वास व्यक्त गरिएको छ।

## पालिकाको स्थानीयलाई अनुरोध



- –जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
- –जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
- –जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
- –जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
- –बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
- –विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
- –सम्बन्ध विच्छेद्को सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
- –सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
- –सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
- –प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
- –सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
- –महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
- –जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
- –गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
- –महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।





**मटिहानी नगरपालिका, महोत्तरी**

# औरही बजारमा घोडी बिक्रीले मुसहर-माझी समुदायको जीविकोपार्जनमा टेवा

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**वैशाख २६ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-१ स्थित औरही बजार मा मुसहर-माझी समुदायका महिलाहरू घोडी बिक्रीका लागि ग्राहकको प्रतीक्षामा देखिन्छन्। स्थानीय पोखरी, ताल-तलैया तथा सिमसार क्षेत्रमा पाइने घोडी उनीहरूको जीविकोपार्जनको प्रमुख आधार बनेको छ।

हरेक मङ्गलबार र शुक्रबार लाग्ने साप्ताहिक बजारमा मुसहर समुदायका पुरुष तथा महिलाहरू बिहानैदेखि गाउँघर र सिमसार क्षेत्रबाट संकलन गरिएको घोडी बोकेर बजार पुग्ने गर्छन्। सडक किनारमै घोडीका थुप्रा राखेर बिक्री गर्ने दृश्य बजारको सामान्य पहिचान बनेको छ।

स्थानीयवासी नागेन्द्र यादवका अनुसार घोडी स्वादिलो मात्र नभई पोषणयुक्त खाद्य पदार्थ पनि हो। यसमा प्रोटिन, आइरन तथा अन्य आवश्यक पोषक तत्व प्रशस्त पाइने भएकाले स्वास्थ्यका लागि लाभदायक मानिन्छ।

ग्रामीण क्षेत्रमा थारु, दनुवार, मुसहर लगायत समुदायमा घोडीलाई परम्परागत तथा पौष्टिक खानाका रूपमा उपभोग गर्ने चलन अझै कायम छ। पछिल्लो समय अन्य समुदायका मानिसहरूले समेत रुचिपूर्वक घोडीको सुप बनाएर खाने गरेका छन्।

घोडी बिक्रीबाट प्राप्त आम्दानीले दैनिक घरखर्च चलाउन सहयोग पुगेको मुसहर समुदायका महिलाहरू बताउँछन्। कृषि मजदुरी तथा अन्य अस्थायी काममा निर्भर यस समुदायका लागि घोडी संकलन र बिक्री आयआर्जनको सहज माध्यम बनेको उनीहरूको भनाइ छ।

बजारमा घोडीको माग बढ्दै गएपछि मुसहर-माझी समुदाय उत्साहित बनेको छ। सिमसार क्षेत्रको संरक्षण र स्थानीय परम्परागत खाद्य संस्कृतिसँग जोडिएको घोडी व्यापारले ग्रामीण अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पारिरहेको स्थानीयवासीको भनाइ छ।




## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बाँझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**



छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"

**मिथिला नगरपालिका, धनुषा**



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,